09 August, 2025

National News

मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदी भोलि कर्नाटकको एकदिवसीय भ्रमणमा जानुहुने
- अपरेशन सिन्दूरको क्रममा भारतले पाँच पाकिस्तानी लडाकु विमान खसालेको वायुसेना प्रमुखले बताउनु भयो
- धराली-हर्सिल आपदा प्रभावित क्षेत्रमा राहत तथा उद्धारकार्य जारी
- वार्षिक रक्षा उत्पादन, एक लाख 51 हज़ार करोड़ रुपियाँको उच्चतम स्तरमा
- भारतको रक्षा निर्यात, आउँदो दुईदेखि तीन वर्षभित्रमा दोब्बर हुने अपेक्षा
- स्नेहको पर्व रक्षाबन्धन देशभरि हर्षोल्लासका साथ पालन
- अन्डर 19 एसियाली बक्सिङ च्याम्पियनसिपको फाइनलमा १० भारतीय बक्सर

प्रधानमन्त्री कर्नाटक

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि कर्नाटकको एकदिवसीय भ्रमणमा जानुहुनेछ। श्री मोदीले बेंगलुरुको केएसआर रेलवे स्टेशनमा तीन वन्दे भारत एक्सप्रेस रेलहरूको शुभारम्भ गर्नुहुनेछ।

प्रधानमन्त्रीले पछि बेंगलुरु मेट्रोको यल्लो लाइनको उद्घाटन गर्नुहुनेछ। श्री मोदीले मेट्रोको यात्रा पनि गर्नुहुनेछ। बेंगलुरुमा शहरी सम्पर्क परियोजनाहरूको उद्घाटन र शिलान्यास गरेपछि उहाँले एक जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ। यस क्रममा, श्री मोदीले १५ हजार ६१० करोड रुपियाँभन्दा धेरै लागतको बेंगलुरु मेट्रो परियोजनाको तेस्रो चरणको शिलान्यास गर्नुहुनेछ।

प्रधानमन्त्री-काकोरी

प्रधानमन्त्री नरेन्द्र मोदीले आज काकोरी घटनाका क्रान्तिकारीहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। श्री मोदीले भन्नुभएको छ, सय वर्षअघि आजको दिन काकोरीका देशभक्त भारतीयहरूले साहस प्रदर्शन गर्नका साथै साम्राज्यवादी शासन विरुद्ध जनआक्रोश व्यक्त गरेका थिए। यी देशभक्तहरू आक्रोशित थिए किनभने उपनिवेशवादी शोषणलाई प्रोत्साहित गर्न सार्वजनिक पैसाको दुरुपयोग भइरहेको थियो। प्रधानमन्त्रीले भन्नुभयो, उनीहरूको वीरतालाई भारतका जनताले सधैं सम्झनेछन्।

अर्कोतिर, केन्द्रीय गृहमन्त्री अमित शाहले भारतीय स्वतन्त्रता संग्राममा ‘काकोरी ट्रेन एक्सन’ साहस, बलिदान र देशभक्तिको प्रतीक भएको बताउनु भएको छ।

कर्नाटक - वायुसेना प्रमुख

वायुसेना प्रमुख एयर चीफ मार्शल ए.पी. सिंहले अपरेशन सिन्दूरको क्रममा भारतले पाँच पाकिस्तानी लडाकु विमान खसालेको बताउनु भएको छ। आज बेंगलुरुमा आयोजित १६ औं एयर चीफ मार्शल एल.एम. कात्रे व्याख्यानमा सम्बोधन गर्दै वायुसेना प्रमुखले भन्नुभयो, भारतले पाकिस्तानी वायुसेनाका पाँच विमान र एउटा AWACS विमान खसालेको थियो। भिडियो फुटेजको साथ विस्तृत रूपमा बोल्दै उहाँले भन्नुभयो, उनीहरूले कम्तिमा पाँच लडाकु विमान खसालेको पुष्टि गरेका छन्। उहाँले शाहबाज ज्याकोबाबाद एयरबेसमा भएको आक्रमणको पनि उल्लेख गर्नुभयो, जसमा हाम्रा मिसाइलहरूले F-16 जस्ता केही विमानहरूलाई नष्ट गरेका थिए। उहाँले भन्नुभयो, भारतीय आक्रमणहरू राम्रोसँग सोचविचार गरेर गरिएको थियो र तीन सेनाहरू बीच पूर्ण समन्वय थियो। वायुसेना प्रमुखले अपरेसनमा वायु रक्षा प्रणालीले उत्कृष्ट काम गरेको बताउनुभयो।

उत्तरकाशी - उद्धार

उत्तराखण्डको उत्तरकाशी जिल्लाको धराली-हर्सिल आपदा प्रभावित क्षेत्रमा ठूलो मात्रामा राहत तथा उद्धार कार्य भइरहेको छ। हवाई सेवा अन्तर्गत आधुनिक प्रविधि र उपकरणको सहयोगमा ठूलो संख्यामा उद्धारकर्मीहरू यस कार्यमा जुटेका छन्। अहिलेसम्ममा ७७५ जनालाई उद्धार गरिसकिएको छ।

आपदा प्रभावित क्षेत्रमा सेना, एनडीआरएफ, एसडीआरएफ, पुलिस र स्थानीय प्रशासनद्वारा तीर्थयात्री र स्थानीय जनताको उद्धार कार्य जारी छ। हेलिकप्टरबाट प्रभावित क्षेत्रमा आवश्यक राहत सामग्री पुर्‍याइँदैछ। साथै, बिजुली, पानी, स्वास्थ्य र सडक लगायत सबै व्यवस्था सुनिश्चित गर्न युद्धस्तरमा काम भइरहेका छन्।

जम्मू कश्मीर - भिडन्त

जम्मू कश्मीरको कुलगाम जिल्लाको अखल वन क्षेत्रमा जारी आतंकवाद विरोधी अभियानमा गम्भीर घाइते भएका सेनाका दुई जवानको मृत्यु भएको छ। आज अपरेशनको नवौं दिन हो। पुलिसका अनुसार अभियानमा अहिलेसम्म तीनजना अज्ञात आतंककारी मारिएका छन्।

रक्षा उत्पादन उपलब्धि

वित्त वर्ष २०२४-२५ मा वार्षिक रक्षा उत्पादन एक लाख 51 हज़ार करोड़ रुपियाँको उच्चतम स्तरमा पुगेको छ। यो उपलब्धि अघिल्लो वित्त वर्षको एक लाख 27 हजार करोड रुपियाँको उत्पादनको तुलनामा १८ प्रतिशतको बलियो वृद्धि हो। यसको प्रशंसा गर्दै रक्षामन्त्री राजनाथ सिंहले रक्षा औद्योगिक आधारलाई बलियो बनाउने स्पष्ट संकेत प्राप्त भएको बताउनु भयो।

भारतको रक्षा निर्यात

भारतको रक्षा निर्यात बितेको वर्ष २३ हजार करोड रुपियाँ पुगेको थियो भने आगामी दुईदेखि तीन वर्षभित्र दोब्बर हुने अपेक्षा गरिएको छ। यो जानकारी रक्षा अनुसन्धान तथा विकास विभागका सचिव तथा Defence Institute of Advanced Technology को गभर्निङ काउन्सिलका अध्यक्ष डा. समीर कामतले शनिबार पुणेमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै दिनुभएको हो।

डा. कामतले मध्य पूर्वी अफ्रिकी र दक्षिण एसियाली देशहरूमा भारतीय रक्षा उपकरणको उच्च माग रहेको बताउनु भएको छ। ब्रह्मोस मिसाइलको सानो संस्करण विकास गर्ने काम भइरहेको अनि जोरावर लाइट ट्याङ्कको विकास पनि द्रुत गतिमा अगाडि बढिरहेको उहाँले बताउनुभयो।

राष्ट्रिय एकता यात्रा

भारतीय सेनाको 17औं माउन्टेन डिभिजनको ब्याल्क क्याट डिभिजनले सिक्किमका 20 जना विद्यार्थीलाई राष्ट्रिय एकता यात्रामा पठाएको छ।

17 अगस्तसम्म जारी रहने यात्रालाई आज गान्तोक सैन्य शिविरका जीओसी मेजर जेनरल एम एस राठौरले झण्डी देखाएर बिता गर्नुभयो।

विकसित भारत अन्तर्गत आयोजित राष्ट्रिय एकता यात्राका क्रममा विद्यार्थीहरूले बेङ्गलुरु, मैसुर अनि हैदराबादका विभिन्न शैक्षणिक अनि विज्ञान तथा प्रौद्योगिकी संस्थान अनि ऐतिहासिक एवम् सांस्कृतिक स्थलहरूको भ्रमण गर्नेछन्।

रक्षाबन्धन

दाजुभाइ-दिदीबहिनीको स्नेहको पर्व रक्षाबन्धन आज देशभरि ठूलो हर्ष उल्लासका साथ पालन गरियो। यस दिन दिदीबहिनीहरूले आफ्ना दाजुभाइको हातमा राखी बाँधेर उनको दीर्घायुको कामना गर्छन्।

रक्षाबन्धनको अवसरमा राष्ट्रपति द्रौपदी मूर्मू अनि प्रधानमन्त्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा राष्ट्रपतिले रक्षाबन्धनको पवित्र पर्वले समाजमा सद्भाव र एकतालाई प्रोत्साहित गर्ने बताउनु भयो। उहाँले यो पर्व, दाजुभाइ र दिदीबहिनीहरू

माझको प्रेम र विश्वासको अद्वितीय बन्धनको प्रतीक हो भन्नुभयो।
रक्षाबन्धनको अवसरमा देशको सुरक्षामा खटिएका सेनाका जवानहरूलाई देशका विभिन्न स्थानमा विद्यार्थीहरूले रक्षा सुत्र र राखी बाँधेर दीर्घायूको शुभकामना दिएको समाचारहरू प्राप्त भएका छन्।

<u>सर्फिङ च्याम्पियनसिप</u>

महाबलीपुरममा भइरहको एसियाली सर्फिङ च्याम्पियनसिपको ओपन पुरुष वर्गको सेमिफाइनलमा पुग्ने रमेश बुदिहाल र किशोर कुमार पहिलो भारतीय सर्फर बनेका छन्।

<u>बक्सिङ</u>

ब्याङ्ककमा भइरहेको अन्डर 19 एसियाली बक्सिङ च्याम्पियनसिपको फाइनलमा सात महिलासहित १० भारतीय बक्सर पुगेका छन्। फाइनल खेलहरू भोलि हुनेछन्।

<u>बिहार एसिया रग्बी</u>

एसिया रग्बी अन्डर-२० सेभेन्स च्याम्पियनसिपका खेलहरू आजदेखि सुरु भएका छन्। उद्घाटन खेल बिहारको राजगीरस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा खेलिएको थियो। च्याम्पियनसिपको पहिलो खेलमा पुरुष वर्गमा श्रीलंकाले हङकङलाई पराजित गऱ्यो। पुरुष वर्गमा भारतले आफ्नो अभियानको सुरुवात विजयका साथ गर्दै संयुक्त अरब अमिरातलाई पराजित गरेको थियो। पुरुष वर्गमा अर्को खेलमा भने श्रीलंकाले आयोजक भारतलाई पराजित गऱ्यो। यसैबीच, महिला वर्गमा भारतीय टीमले आफ्नो पहिलो खेलमा काजाकिस्तानलाई पराजित गरेको थियो। यस प्रतियोगितामा ९ देशका कुल १६ टोलीले भाग लिइरहेका छन्। भारत बाहेक, चीन, हङकङ, संयुक्त अरब अमिरात, काजाकिस्तान, उज्बेकिस्तान, श्रीलंका, मलेसिया र नेपालले प्रतियोगितामा भाग लिएका छन्।